# पाठ - 4
# الدرس الرابع - نيبالي

## वुजू
## الوضوء

बिना वुजू नमाज स्वीकार हुँदैन अबू हुरैरह ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो **तिमीहरु मध्ये जसको वुजू भँग भएको छ भने जब सम्म त्यो वुजू गर्दैन तब सम्म अल्लाहले त्यसको नमाज स्वीकार गर्दैनन्  (बुखारी- ६९५४, मुस्लिम , २२५)**

त्यसैले प्रत्येक मुस्लिम माथि नमाज पढने बेलामा वुजू गर्नु अनिवार्य हुन्छ।

वुजूमा धेरै विशेष्ता र फाइदाहरु छन् जसलाई बुझ्नु पर्छ अनि ग्रहण गर्ने प्रयास गर्नु पर्छ , त्यस मध्ये हजरत उसमान ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

**जुन सुकै व्यक्तिले राम्रो तरिकाले वुजू गर्छ भने त्यसको शरिरबाट पापहरु निस्की हाल्छन, यहाँ सम्म कि त्यसको नङको तलबाट पनि पापहरु निस्की हाल्छन् (मुस्लिम - २४५)**

र उहाँकै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

**जसले अल्लाहको आज्ञा अनुसार आफ्नो वुजू पुरा गर्छ भने, अनिवार्य नमाजहरुले यस्तो हरेक पापलाई मेटाइ दिन्छन जुन् त्यस अवधिमा त्यसले गरेको हुन्छ    (मुस्लिम-२३१)**

**वुजू गर्ने विधि** १ - (नियत) मनमा वुजूको इच्छा व्यक्त गर्ने, तर मुखले नभन्ने, किनकि मन्मा ठानेको कुरालाई नै इच्छा र नियत भनिन्छ, र त्यस पछि **बिस्मिल्लाह** भन्ने।

२ - फेरि दुवै हात हत्केला सम्म तिन चोटि धुने। ३ - फेरि तिन तिन चोटि कुल्ला गर्ने र नाकमा पानी हाल्ने। ४ - फेरि तिन चोटि अनुहार धुने, चौराईमा एक कान देखि अर्को कान सम्म,र लम्बाईमा टाउकोमा कपाल उगने ठाउँ देखि दाढीको तल सम्म। ५ - फेरि दुवै हातलाई तिन चोटि धुने, औंलाको शुरु देखि कुहिनो सम्म, पहिला दायाँ हाथ फेरि बायाँ हाथ। ६ - फेरि एक चोटि टाउको माथि हात फेरने, यस प्रकार कि आफ्नो दुवै हातलाई भिजाउने र टाउकोमा शुरु देखि अन्त सम्म फेरने र फेरि शुरु सम्म फर्काएर लाउने। ७ - फेरि एक चोटि दुवै कानमा हात फेरने, चोर औंलालाई कान भित्र हालने र बुढी औंठालाई कान माथि फेरने। ८ - फेरि दुवै खुट्टालाई तीन चोटि धुने, औंलाको शुरु देखि छेपारि दुबै गोल गाठ सम्म, पहिला दायाँ खुट्टा फेरि बायाँ खुट्टालाई धुने।यदि वुजूको अंगलाई एक चोटि वा दुई चोटि धोयो भने वुजू भई हाल्छ तर यस कुरामा ध्यान दिनु पर्छ कि वुजूको कुनै भाग सुक्का न रहोस् ९- फेरि यो दुआ पढ्नु।

أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًا عَبْدُ اللهِ وَرَسُولُهُ **अशहदु अल्लाइलाह इल्लल्लाहु वअन्न मुहम्मदन अब्दुल्लाहि व रसूलुह** अर्थात : म गवाही दिई रहेको छु कि अल्लाह बाहेक कोही पूज्य छैन, र मुहम्मद ﷺ अल्लाहको सेवक र रसूल हुनु हुन्छ। उमर बिन खत्ताब ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो «**तिमीहरु मध्ये जुन् सुकै व्यक्तिले वुजू गर्छ र राम्रो संग पुरा पुरा वुजू गर्छ फेरि यस दुआ लाई पढ्छ :भने त्यसको लागि स्वर्गको आठौं ढोकाहरु खुलिहाल्छन, र त्यो जुन् ढोकाबाट प्रवेश गर्न चाहन्छ भने त्यसै ढोकाबाट प्रवेश गरि हाल्छ » (मुस्लिम-२३४)**

वुजू गर्नुमा तरतीब अर्थात अनुक्रम अनिवार्य हुन्छ वुजूको हरेक भागलाई एक श्रेणीले धुनु पर्छ जस्तै पहिला अनुहार धुनु त्यसपछि हाथ धुनु त्यसपछि मसह गर्नु (टाउको माथी हाथ फेरनु) त्यसपछि दुबै खुट्टा धुनु यसमा अगाडी पछाडी गर्नु जायज छैन ।त्यसतै एउटा कुरामा अरु धयान राख्नु पर्छ कि वुजूको अर्को भाग धुनेमा यति ढिलो न भई हालोस् कि पहिलो भाग सुकी हालोस्